# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माग १२ गते २०१८ साल

### नेपाल लोकसेवा आयोग सूचना नं.

श्री ५ को सरकार, निम्न लिखित गोस्वारा तथा पाठशालाहरूलाई निम्न लिखित पदहरू
चाहिएका छन् । सम्बन्धित गौंडा, गोस्बाराहरूमा यस आयोगको पत्र पुगेको दिन मिति जनाई
सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्ला
भर विस्तृतरूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गौंडा, गोस्वाराहरूलाई लेखी गै सकेकोले
इच्छुक योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा
आफ्नो बिवरण स्पष्ट भरी निम्न लिखित दरखास्त दस्तूर सहित सम्बन्धित गौंडा गोस्वाराका
विज्ञापन बमोजिम तोकिएको मिति सम्ममा दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त
दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रहरूको नक्कल, मार्कशीटको नक्कल, नाग-
रिकताको प्रमाणपत्र र उमेर खुलेको प्रमाणपत्र समेत सबैसामेल राखी पेश गर्नु पर्छ । पेश
गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई उपस्थित हुनु पर्छ । प्रतियो-
गितात्मक परीक्षा र अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गौंडा, गोस्वाराहरू बाटै प्रकाशित हुनेछ ।

साधारणतया : उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत
नपुगेको दरखास्त दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै
विचार गरिने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित विभा-
गीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा तथा गोस्वाराहरूमा पनि पाईने छ । एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

## सूचना नं. ५७

१. पद र स्थानः– श्री ५ को सरकार, पश्चिम ३ नं. गोस्वारालाई एक जना ड्राइभर, नन्‌ग्याजेटेड तृतीय श्रेणी ( प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– मोटर हाक्ने लाईसेन्स प्राप्त ।

३. वाँछनीय योग्यताः– विभिन्न किसिमको मोटर हाक्ने तथा मेकानिक्सको काम समेत जानेकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. कामः– जीप हाक्ने ।

५. मासिक तलबको स्केल:– तलब ने. रू. ८०। देखि १५०। सम्म ।

६. दरखास्त दस्तूर:– नगद ने. रू. १। एक रूपैयां ।

७. उमेरः–उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

८. सम्बन्धित गोस्वारा:– श्री ५ को सरकार, पश्चिम ३ नं. गोस्वारा ।

९. सम्बन्धित गोस्वारालाई लेखिगएको मिति :– २०१८।६।३।३

## सूचना नं. ५८

१. पद र स्थान : पश्चिम ४ नं विरेपाटी पाठशालालाई एकजना प्रारम्भिक पंडित, नन्‌गजेटेड चतुर्थ श्रेणी ( प्राविधिक ) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– संस्कृत प्रथमा उत्तीर्ण ।

३. वान्छनीय योग्यताः– प्रारम्भिक शिक्षण तालीम प्राप्त र संस्कृत मध्यमा सम्म पढेकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. कामः–छात्रछात्राहरूलाई पढाउने ।

५. मासिक तलबको स्केल:– तलब ने. रू. ६०। देखि १०५। सम्म ।

६. दरखास्त दस्तूर :– नगद ने. रू. १। एक रूपैयां ।

७. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।

८. सम्बन्धित गोस्वाराः– श्री ५ को सरकार पश्चिम ४ नं. गोस्वारा ।

९. सम्बन्धित गोस्वारालाई लेखिगएको मितिः– २०१८।६।३।३ मा

## सूचना नं. ५९

१. पद र स्थान:– पश्चिम ४ नं. सतौंज्ञादि ठूलोपोखरी प्रारम्भिक पाठशालालाई एक जना प्रारम्भिक पण्डित, नन्‌गजेटेड् चतुर्थ श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः– संस्कृत प्रथमा उत्तीर्ण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बान्छनीय योग्यता:–प्रारम्भिक शिक्षण तालीम प्राप्त गरेकालाई विशेष प्राहृयता दिइनेछ।
४. काम:– छात्रछात्राहरूलाई पढाउने ।
५. मासिक तलबको स्केल:– तलब ने. रू. ६०। देखि १०५। सम्म ।
६. दरखास्त दस्तूर :– नगद ने. रू. १। एक रूपैयां ।
७. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।
८. सम्बन्धित गोस्वारा:– श्री ५ को सरकार पश्चिम ४ नं. गोस्वारा ।
९. सम्बन्धित गोस्वारालाई लेखि गएको मिति:–२०१८।६।३।३ मा

## सूचना ६०

१. पद र स्थान:– गुल्मी अर्घा डिभर्ना प्राथमिक पाठशालालाई दुई जना पण्डित, नन्‌गजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता : पूर्व मध्यमा उतीर्ण ।
३. वांछनीय योग्यता:– प्रारम्भिक शिक्षक तालीम प्राप्त गरेकालाई ग्राहृयता दिइनेछ ।
४. काम:– छात्रछात्राहरूलाई पढाउने ।
५. मासिक तलबको स्केल :– तलब ने. रू. ८०। देखि १५०। सम्म ।
६. दरखास्त दस्तूर :–नगद ने. रू. १। एक रुपैयां ।
७. उमेर :– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।
८. सम्बन्धित गौंडा:– श्री ५ को सरकार, गुल्मी गौंडा ।
९. सम्बन्धित गौंडालाई लेखिगएको मिति:– २०१८।६।३।३ मा

आज्ञाले–
विनोदप्रसाद धिताल
सचिव
लोकसेवा आयोग

## लोकसेवा आयोगको सूचना नं. ७४

पश्चिम ४ नं. नुवाकोट लिमि फलेबास प्रारम्भिक पाठशालालाई पंडित १ जना चाहिएको छ। पश्चिम ४ नं. गोस्वारामा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गोस्वारालाई ०१८।६।१७।३ मा लेखी गै सकेकोले इच्छुक योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १।२०१०। मा आफ्नो विवरण स्पष्ट भरी निम्न लिखित दरखास्त दस्तूर सहित सम्बन्धित गोस्वाराका विज्ञापन बमोजिम तोकिएको मिति सम्ममा तोकिएको ठाउंमा दरखास्त पठाउनु वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्रहरूको नक्कल, माकशीटको नक्कल, नागरिकताको प्रमाणको नक्ल र उमेर खुलेको प्रमाणपत्र समेत सबै सामेल राखी पेश गर्नु पर्छ। पेश गरेका प्रमाणपत्रहरूको नक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई उपस्थित हुनु पर्छ। अन्तर्वार्ताका कार्यक्रम सम्बन्धित गोस्वाराबाटै प्रकाशित हुनेछ।

साधारणतयाः उम्मेदवारहरूको तोकिएको न्यनतम योग्यता पुगेको नदेखिएको रीत नपुगेको दरखास्त दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार गरिने छैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित विभागीय प्रमूख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नु पर्छ। दरखास्त फारामको निमित्त न. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

## सूचना नं

१. पद र स्थान : पश्चिम ४ नं. नुवाकोट लिम्नि फलेबास प्रारम्भिक पाठशालालाई पण्डित नन् ग्याजेटेड चतुर्थ श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :संस्कृत प्रथमा उत्तिर्ण।

३. वांछनीय योग्यता : स्थानीय उम्मेदवार तथा नर्मल स्कल तालीम प्राप्त र पूर्व मध्यमा-सम्म पढेकालाई बिशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केल : तलव ने. रू. ६०। देखि१५०। । सम्म।

५. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ।

६. सम्बन्धित गोस्वारा : पश्चिम ४ नं. गोस्वारा।

७. सम्बन्धित गोस्वारालाई लेखि गएको मिति २०१८।६।१७।३

आज्ञाले—
विनोदप्रसाद धिताल
सचिव
लोकसेवा आयोग

## नेपाल लोक सेवा आयोगको सूचना नं. ७६

बिभिन्न जिल्ला विभाग अड्डाहरूमा हाल खाली भै रहेका र पछि रिक्त भै माग प्राप्त हुन आएमा समेत प्रतियोगितात्मक परीक्षा र त्यस पछि हुने अन्तर्वार्ताको फलबाट सिफारिश हुने गरी टाइपिष्ट पदको निमित्त खुला प्रतियोगितात्मक परीक्षा लिने प्रबन्ध भएको छ। जिल्ला, गढी, गौंडा तथा गोस्वारामा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्ला भर

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गढी, गौंडा, तथा गोस्वारालाई २०१८।६।२३।२ मा लेखी गई सकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्र सहित विज्ञापन बमोजिम तोकिएको म्याद भित्र सो गढी, गौंडा तथा गोस्वारामा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तूर नगद ने.रू. १। सहित दरखास्त गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कलहरू औ नागरिकताको प्रमाणपत्र तथा उमेर खुलेको प्रमाणपत्रको नक्कलहरू समेत सबै सामेल राखी पेश गर्नु पर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथैलिई आउनु पर्छ।

प्रतियोगितात्मक परीक्षा र अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गढी, गौंडा तथा गोस्वारा बाटै प्रकाशित हुनेछ। साधारणतया: उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, म्याद नाघी दाखिल भएको तथा दरखास्त दस्तूर नभएको दरखास्त उपर कुनै कारवाई हुने छैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित आफ्ना अड्डाका हाकिमको सिफारिश पेश गर्नु पर्छ दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइने छ।

विवरण

१. पदः– टाइपिष्ट, नन्‌गजेटेड, चतुर्थ श्रेणी स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः– नेपाली, अंग्रेजी टाइपिंग जानेको, नेपाली मात्र जानेकाले पनि परीक्षामा सामेल हुन पाउने छ।

३. वांछनीय योग्यताः– नेपाली निजामती मध्यम वा एस्. एल. सी. पास भएकालाई विशेष ग्राहयता दिइनेछ।

४. मासिक तलबको स्केलः– तलब ने. रू ५५। देखि ८५। सम्म।

५. उमेरः– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

आज्ञाले–
नयनराज पाण्डे
निमित्त सचिव
लोक सेवा आयोग

## नेपाल लोकसेवा आयोगको
## सूचना नं. ८४ देखि ८६ सम्म

श्री ५ को सरकार निम्न लिखित गोस्वारा तथा पाठशालाहरूलाई निम्न लिखित पदहरू चाहिएका छन। सम्बन्धित गौंडा, गोस्वाराहरूमा आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनांको अवधि दिई विस्तृत

९९३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गौंडा, गोस्वाराहरूलाई लेखी गै सकेकोले इच्छुक योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १।२०१० मा आफ्नो विवरण स्पष्ट भरी निम्न लिखित दरखास्त दस्तुर सहित सम्बन्धित गौंडा, गोस्वाराका विज्ञापन बमोजिम तोकिएको मिति सम्ममा दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्र समेत सबै सामेल राखी पेश गर्नु पर्छ । पेश गरेका प्रमाणपत्रहरूको नक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई उपस्थित हुनु पर्छ । अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गौंडा, गोस्वाराहरूबाट प्रकाशित हुने छ ।

साधारणतया: उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको रीत नपुगेको दरखास्त दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै बिचार गरिने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दस्तूर सहित आफ्नो विभागीय प्रमुख (विभागिय प्रमुख टाढ़ा भए मड्डा प्रमुख) को सिफारिश पेश गर्नु पर्छ । दरखास्त फारामको निमित्त ने. रू. दश पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाएपनी हुन्छ दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च साथै पठाउनु पर्छ ।

## सूचना नं. ।८४

१. पद र स्थान :– स्वास्थ्यसेवा आयुर्वेदीय विभागलाई लमजुंग खुडिबेनी आयुर्वेदीय औषधालयको निमित्त १ जना उपबैद्य, ननगजेटेड तृतीय श्रेणी, (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:– सरकारी स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरह पास ।

३. वांछनीय योग्यता:– स्थानीय उम्मेदबार तथा सरकारी छात्रबतिबाट पास भएकालाई विशेष ग्राहयता दिइनेछ ।

४. तलबको स्केल :– तलब ने. रू ८०। देखि १५०। सम्म ।

५. फी. दस्तूर:– नगद ने. रू. १। एक रूपैयाँ ।

६. उमेर:– उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ

७. सम्बन्धित गोस्वारा:– प. ३ नं. गोस्वारा ।

८. सम्बन्धित गोस्वारालाई लेखी गएको मिति –२०१८।७।१० ५

## सूचना नं. ८५

१. पद र स्थान: स्वास्थ्य सेवा आयुर्वेदीय विभागलाई जिल्ला प्रमुख रिडीघाट आयुर्वेदीय औषधालयको निमित्त १ जना उपवैद्य, नन् गजेटेड चतुर्थ श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : सरकारी स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरह पास ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीय योग्यता : स्थानीय उम्मेदवार तथा सरकारी छात्रवृत्तिबाट पढी पास भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. मासिक तलब भत्ताको स्केल : तलब ने. रू. ६०। देखि १०५। सम्म ।

५. फी दस्तूर :नगद ने. रू. १। एक रूपैयां ।

६. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

७. सम्बन्धित गौंडा, गुल्मी गौंडा ।

८ सम्बन्धित गौंडालाई लेखिएको मितिः २०१८।७।१०।५

## सूचना नं. ८६

१. पद र स्थानः आकाशवाणी हेड अफिस नेपालगञ्ज मर्मत केन्द्र अफिसलाई १ जना जुनियर मिस्त्री, नन्‌गजेटेड तृतीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : सेकेण्डक्लाससम्म पढेको र पेट्रोल डिजेल जेनरेटरमा मिस्त्री काम गर्न सक्ने ।

३. वांछनीय योग्यता : स्थानीय उम्मेदवार तथा बढी अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. तलबको स्केल ने. रू. ८०। देखि १५०। सम्म

५. फी दस्तूर : नगद ने. रू. १। एक रूपैयां ।

६. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

७. सम्बन्धित गोस्वाराः बा. ब. गोस्वारा ।

८. सम्बन्धित गोस्वारालाई लेखिगएको मिति २०१८।७।१०।५

आज्ञाले–
नयनराज पान्डे
निमित्त, सचिव
नेपाल लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

१५२

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।